स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



तेलुगु अभिनेता अल्लू अर्जुन अहिले "ग्लोबल स्टार" बनिसकेका छन् । लगातार ब्लकबस्टर फिल्म दिइरहेका उनलाई "पुष्पा"का दुई श्रृंखलाले विश्वभर चिनाएको थियो । यी दुई फिल्मको सफलतापछि यतिबेला उनलाई ठूलो बजेटका फिल्मबाट निरन्तर अफर मिलिरहेको छ भने पारिश्रमिक उस्तै चर्किएको छ । अब चाँडै उनी "थेरी"का निर्देशक एटलीको फिल्ममा काम गर्ने तयारीमा छन् ।

आजको विचार...



पहलगाम.... (दुई पेजमा)

श्रीमन नारायण



बलिउड अभिनेत्री श्रद्धा कपूर टप अभिनेत्रीमध्ये एक हुन् । उनले थुप्रै हिट फिल्ममा काम गरिसकेकी छन् । सामाजिक सञ्जालमा उनको फ्यान फलोइङ राम्रो छ । उनी पछिल्लो पटक "स्त्री २" मा देखिएकी थिइन् । यो फिल्मले कीर्तिमानी कमाइ गरेको थियो । त्यसैले सबै निर्माताहरू आफ्नो फिल्ममा श्रद्धा कपूरलाई कास्ट गर्न चाहन्छन् । हालै एकता कपूरले श्रद्धालाई आफ्नो एउटा फिल्ममा कास्ट गरेको खबर आएको थियो । यो फिल्मका लागि श्रद्धाले आफ्नो पारिश्रमिक बढाएको पनि बताइएको छ ।

❒ वर्ष ३० ❒ अंक २८१ ❒ २०८२ वैशाख २४ गते बुधबार 7 May 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### रहेनन् वामपन्थी नेता नेपाल



**काठमाडौं, वैशाख २३**/वामपन्थी नेता प्रदीप नेपालको निधन भएको छ । नर्भिक अस्पतालमा उपचारका क्रममा ७१ बर्षको उमेरमा उनको मंगलबार दिउँसो निधन भएको हो ।

उनी लामो समयदेखि पार्किन्सन रोगबाट ग्रसित थिए । नेता जेपाल केही दिनदेखि अस्पताल भर्ना भए पनि सोमबार आईसीयूमा सारिएको थियो । पछिल्लो समय पार्किन्सन्ससँगै निमोनिया पनि देखिएको थियो । उनी मनमोहन अधिकारी नेतृत्वको सरकारमा सूचना तथा सञ्चारमन्त्रीसमेत बनेका थिए । त्यस्तै २०६३ मा गिरिजाप्रसाद कोइराला नेतृत्वको अन्तरिम सरकारमा शिक्षा तथा खेलकुदमन्त्री बनेका थिए । पछिल्ला वर्षमा भने उनी राजनीतिमा सक्रिय थिएनन् । नेपाल साहित्यकारसमेत हुन् । नेपाली साहित्यिक क्षेत्रमा उनी सञ्जय थापाका नामले परिचित छन् । उनले एक दर्जनभन्दा बढी उपन्यास लेखेका छन् ।

# विषादीले मौरी मरे, कृषक चिन्तित

**रामपुर (पाल्पा), वैशाख २३**/ घर वरपरका बगैँचा, आँगनका छेउमा लहरै राखिएका मौरीका घार छन् । बिहान उज्यालो भएदेखि साँझ अबेरसम्म घार वरिपरि नै बस्न मन पराउने जयनारायण न्यौपाने अहिले भने घार देख्दा विक्षिप्त हुन्छन् ।

मौरीघार उनलाई आम्दानीको स्रोतमात्र नभई दिन बिताउने माध्यम बनेको थियो । घारसँग रमाउँदै दिन कटाउने उनलाई घार देख्दा मन भारी भएर आउँछ ।

रामपुर नगरपालिका-६ किसानटोलका किसान न्यौपाने घारमा रहेका मौरी मरेर सखाप भएपछि उनी चिन्तित भएका हुन् । एक्कासि मौरी मरेपछि उनलाई व्यवसाय निल्नु न ओकल्नुजस्तै बनेको छ । बगैँचामा मौरीसँगै भुलेर दिन कटाउन पाउँदा समय बितेको पत्तो हुँदैनथ्यो । यसरी नै मौरीको रेखदेख गरेर समय बिताउने गरे पनि हिजोआज भने मौरी बगैँचामा पस्न पटक्कै मन छैन । मौरीका रित्ता घार देख्दा उनको मन विक्षिप्त बनेको छ ।' बगैँचाभरि मौरीको हेरचाह गरेर समयको गएको पत्तो हुँदैनथ्यो, अहिले मौरी सबै मासिएपछि घरमा दिन कटाउन गाह्रो भएको छ', उनले भने,



'हिजोका दिन खाना खाने समयबाहेक बगैँचामा नै बसेर दिन बिताउँथे, घरमा कोही आफन्त, साथीभाइ, इष्टमित्र आए पनि बगैँचातिर डुलाउँथे, अहिले बगैँचाभित्र पस्न पनि मन छैन, मौरीघार रित्ता देख्दा मन खिन्न भएर आउँछ ।' छिमेकीले बालीनालीमा विषादी छरेका कारण फार्ममा भएका मौरी मरेर करिब सात लाख रुपैयाँ बराबरको नोक्सानी व्यहोर्नुपरेको उनी बताउँछन् । विषादीले ८५ गोलाघारमा तयार गरिएको मौरी सबै क्षति हुन पुगेको उनले सुनाए । २०५५ सालदेखि 'न्यौपाने मौरी उद्योग' स्थापना गरेर मौरी उद्योग सञ्चालन गर्दै आएका न्यौपानेले पहिलोपटक ठूलो क्षति व्यहोर्नुपरेको जनाए । यस वर्ष उनी ६० घार गोलासहित मौरी बिक्री गर्ने तयारीमा थिए । विभिन्न ठाउँबाट मौरी तयार हुनुअगावै माग आइसकेको थियो । तर पठाउने तयारी गरिरहेको अवस्थामा एक्कासी मौरी सबै नष्ट हुन पुगेको छ । 'छिमेकीले खेतबारीमा विषादी छर्कंदा मौरीमा ठूलो क्षति पुगेको छ, व्यवसायका क्रममा पहिलोपटक यस्तो क्षति भोग्नुपरेको छ, घारमा राखिएका मौरी मरेपछि बगैँचामा फर्कन मन छैन, रित्ता घार देखेर मन खिन्न बनेको छ', उनले भने । बगैँचामा पसेर मौरीको हेरचाह, स्याहार गरेर उनले आफ्नो समय बिताउँथे । मौरी नै जीवन जिउने साहारा थियो । बुढेसकालको साहारा र नयाँ पुस्तालाई मौरीपालन व्यवसायबारे जानकारी दिन आफ्नै घर मा व्यवसाय चलाएका हुन् ।

-बाँकी अन्तिम पेजमा...

## चट्याङ्गबाट बचौं र बचाऔं

**आकाशमा विजुली चम्कँदा र गड्याङ्गगुडुङ्ग हुँदा:**

- घरभित्रै बसौं,
- रूख वा विजुलीको पोलमुनी नबसौं,
- पौडी खेल्ने, डुङ्गा चलाउने तथा खेतबारीमा काम नगरौं,
- सुरक्षित ओतमा नपुग्दै चट्याङ्ग परे दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर बसौं,
- टेलिफोन, मोवाईल, टेलिभिजन, चार्जर, कम्प्युटर, फ्रिजजस्ता विद्युतीय उपकरणको प्रयोग नगरौं,
- झ्याल, भर्याङ्ग, बुइगल, बरण्डाको ग्रील, बारलगायतका धातुजन्य वस्तु नछोऔं,

**चट्याङ लागेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा लैजाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# नेपाली सेनाद्धारा 'माथागढी पार्क' पालिकालाई हस्तान्तरण

**भरत शर्मा**

**पाल्पा, वैशाख २३** /जिल्लाको माथगढी गाउँपालिकामा रहेको ऐतिहासिक गढीमा उद्यान पार्क निर्माण गरि माथागढी गाउँपालिकालाई हस्तान्तरण गरिएको छ । नेपाली सेना मध्यपश्चिम हेक्डक्वाटर बुटवलको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण गरिएको उद्यानको पृतानपति उपरथि प्रेमबहादुर पुनले गाउँपालिकाका अध्यक्ष यम बहादुर चिदिलाई हस्तान्तरण गरेका हुन् ।



पार्क हस्तान्तरण गर्दै पृतनपति पुनले ऐतिहासिक स्थल र सम्पदाको संरक्षणको लागि नेपाली सेनाले सहयोग पुऱ्याउदै आएको बताए । उनले स्थानीय नागरिक र नेपाली सेनाको सम्बन्ध सुमधुर बनाउनुको साथै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । गाउँपालिका अध्यक्ष चिदिले इतिहासलाई जीवन्त राख्न यस्ता सम्पदाको प्रचार-प्रसार गर्न आवश्यक रहेको बताउदै पालिकाले ऐतिहासिक स्थलको संरक्षणमा सहयोग गर्ने बताए । कार्यक्रममा पाल्पा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी भक्तिसरा रानाले आमनागरिकलाई पुराना सम्पदाको महत्व बुझाउँदै भावी पुस्तामा हस्तान्तरण गर्न आवश्यक रहेको औंल्याइन् । कार्यक्रममा दि फेमस महेन्द्र दल गाणका गणपति भुपेन्द्र गुरुङ्गले जिल्लामा रहेका मठमिन्दरको संरक्षण र संवर्द्धनमा नेपाली सेनाले सघाउँदै आएको बताए । पार्क करिब ८ लाख लागतमा नेपाली सेनाको बजेटमा निर्माण भएको हो । नेपाल अंग्रेज युद्धका साथै नेपाल एकीकरणका बेला प्रयोग भएको गढी किल्लाको संरक्षण गरि प्रचार प्रसार गर्ने उद्देश्यले सौन्दर्यकरण गरिएको छ । सेनाले यहाँका ऐतिहासिक कोट, गढी, किल्लाहरुको संरक्षण गर्ने र इतिहास जोगाउने काम गर्दै आएको छ ।

सेनाले यस अघि ६ दिने पदयात्रामा निस्किएर यहाँका गडीहरुको अवलोकन, निरीक्षण गरेको थियो । यहाँ ऐतिहासिक बाकुमगढी, माथागढी, तानसेन र नुवाकोट गढी तथा जीतगढी किल्लाहरु रहेका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## कार्यान्वयनको सार्थकता

**सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम घोषणा गरेको छ । यसलाई सरसर्ती हेर्दा राम्रै देखिन्छ । केही नयाँ कार्यक्रम र केही पुरानै कार्यक्रमको पुनरावृत्ति गरिएका छन् । देश, जनता, मतदाता, महिला, युवा, दलित, अल्पसङ्ख्यक र विपन्नलक्षित कार्यक्रम छन् । कृषि, उद्योग, पर्यटन र प्रविधिको चर्चा धेरै गरिएको छ । यहाँसम्म कि यसलाई अक्षरशः कार्यान्वयन गर्ने हो भने समृद्ध नेपालको वस्तुगत आधार बन्दैन भन्न सकिन्न तर कार्यक्रम आउने र ल्याउने कुरा एउटा पक्ष हो भने कार्यान्वयन अर्को पाटो हो । यसअघिका कार्यक्रम पनि नराम्रो भएर कार्यान्वयनमा समस्या आएको होइन । समस्या वा चुनौतीको सारभूत कारण भने अरू नै छन् । संसद्को संयुक्त अधिवेशनमा प्रस्तुत गरिएका यस्ता नीति तथा कार्यक्रमको आलोचना र समर्थन बराबरी भएको छ । हुन त हाम्रो व्यवहार र अभ्यास पनि त्यस्तै छ । आफ्नो पक्षका कमजोरीहरू रहे भने पनि ती नदेखाउने र लुकाउने अनि अर्को पक्षका राम्रा कुरालाई पनि नराम्रो देखाउने गरिन्छ ।**

**सरकारका पक्षबाट प्रस्तुत भएका नीति तथा कार्यक्रमलाई प्रतिपक्षले राम्रो नभन्ने र सरकार पक्षबाट भने आफ्ना कमजोरी समेतलाई लुकाएर अत्यन्त राम्रो भन्ने प्रवृत्ति पुरानै हो जो अहिले पनि दोहोरिएको छ । छलफलकै पहिलो दिन नै प्रतिपक्ष दलका सांसदहरुले नीति तथा कार्यक्रममाथि असन्तुष्टि जनाएका छन् । रोजगार, अर्थतन्त्र निजामती विधेयकलगायतका विषयमा चर्चा गरेको छ । रोजगारी सिर्जनाको विषय चुनौतीपूर्ण भए पनि यीमध्येका अन्य विषय पूरा गर्न सकिने खालका छन् । विद्यार्थीहरूलाई कमाउँदै पढ्दै गर्न दिने जुन नीति सरकारले समेटेको छ, वास्तवमा नीति बनाउनका लागि मात्र बनाएको हो जस्तो देखिन्छ । बर्खे अधिवेशन सरकारको बजेट अधिवेशन मानिन्छ, नीति तथा कार्यक्रममाथिको छलफलले प्राथमिकता पाउने गर्छ । यस्ता विषयमा संसद्मा मिहिन छलफल र समीक्षा हुनुपर्छ । यसो भयो भने मात्र नीति तथा कार्यक्रम कार्यान्वयनले सार्थकता पाउने छ ।**

## Opinion @ Social Network

संसार रङ्गिन देख्नु छ भने मुस्कुराउने गर्नुहोस,
परेली भित्र आँशु हुँदा ऐना पनि धमिलो देखिन्छ ।
*(सृजना पौडेलको फेसबुकस्टाटस https://www.facebook.com/shreejana.3248)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पहलगाम घटना शान्ति र मानवतामाथिकै प्रहार



**श्रीमन नारायण**

दक्षिणी छिमेकी भारतको जम्मु-कश्मीरस्थित पहलगाममा पर्यटकमाथि आतंककारी हमला हुँदा २८ जना निर्दोष नागरिकको अनाहकमा ज्यान गएको छ । मृतकमा एकजना नेपाली नागरिक सुदीप न्यौपाने छन् भने अन्य भारतीय नागरिक रहेका छन् । यस घटनाको पूरै विश्वले निन्दा एवं आलोचना गरेको छ । यस आतंककारी घटनाको निन्दा नेपालमा पनि भएको छ । देशको संघीय संसदमा समेत यो विषय प्रमुखताका साथ चर्चामा आएको देखियो । भारतले यस हमलाका लागि पाकिस्तान जिम्मेवार रहेको भन्दै यस घटनाको जवाफ कठोर रूपमा दिइने चेतावनी दिएको छ । प्रतिबन्धित इस्लामिक चरमपन्थी संगठन लस्कर-ए-तोयबाको छद्म संगठन 'द रसिस्टेन्स फ्रन्ट' (टिआरफ)ले यस घटनाको जिम्मेवारी लिएको छ । यस घटनाले नेपाली जनमानसलाई मर्माहत्त एवं आक्रोशित बनाएको छ ।

देशभरि नै यस घटनाको विरोधमा प्रदर्शन भइरहेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीसहित नेपालका प्राय: सबैजसो राजनीतिक दलहरूले पहलगाम घटनाको विरोध र निन्दा गरेका छन् । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पनि नेपाली नागरिक सुदीप न्यौपानेको निधनप्रति दु:ख व्यक्त गर्दै सम्वेदना सन्देश पठाएका छन् । यस घटनाले भारत एवं पाकिस्तानबीचको दुई पक्षीय सम्बन्धलाई कटुताको पराकाष्ठासम्म पुऱ्याइसकेको छ । अवस्था युद्धोन्मुख छ । पहलगाम घटनाले भारत एवं पाकिस्तानबीचको सम्बन्धलाई तनावपूर्ण अवस्थामा पुऱ्याइदिएको छ ।

इस्लामिक चरमपन्थी समूहका व्यक्तिहरूले यात्रुहरूलाई तिनको धर्म सोधी र कुरानको पंक्ति बोल्न आदेश दिएपछि हिन्दु र गैरहिन्दुको सजिलै पहिचान भएको थियो । आतंकवादीहरूले धर्मको आधारमा पर्यटकहरूको हत्या गरेका कारण पनि विश्व जगत बढी आक्रोशमा रहेको देखिन्छ । यस आक्रमणको निन्दा अमेरिका, रुस, फ्रान्स, बेलायत, जर्मनी र जापान जस्ता देशहरूले पनि गरेको छ । डेढ वर्षअघि दक्षिण इजरायलमा प्यालेस्टाइनको चरमपन्थी इस्लामकि समूह हमासले गरेको आक्रमणमा १४ सय निर्दोष व्यक्तिले ज्यान गुमाएका थिए, जसमा इजरायलसहित ३८ देशका नागरिक थिए ।

*देशभरि नै यस घटनाको विरोधमा प्रदर्शन भइरहेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीसहित नेपालका प्राय: सबैजसो राजनीतिक दलहरूले पहलगाम घटनाको विरोध र निन्दा गरेका छन् । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पनि नेपाली नागरिक सुदीप न्यौपानेको निधनप्रति दु:ख व्यक्त गर्दै सम्वेदना सन्देश पठाएका छन् । यस घटनाले भारत एवं पाकिस्तानबीचको दुई पक्षीय सम्बन्धलाई कटुताको पराकाष्ठासम्म पुऱ्याइसकेको छ । अवस्था युद्धोन्मुख छ । पहलगाम घटनाले भारत एवं पाकिस्तानबीचको सम्बन्धलाई तनावपूर्ण अवस्थामा पुऱ्याइदिएको छ । इस्लामिक चरमपन्थी समूहका व्यक्तिहरूले यात्रुहरूलाई तिनको धर्म सोधी र कुरानको पंक्ति बोल्न आदेश दिएपछि हिन्दु र गैरहिन्दुको सजिलै पहिचान भएको थियो । आतंकवादीहरूले धर्मको आधारमा पर्यटकहरूको हत्या गरेका कारण पनि विश्व जगत बढी आक्रोशमा रहेको देखिन्छ । यस आक्रमणको निन्दा अमेरिका, रुस, फ्रान्स, बेलायत, जर्मनी र जापान जस्ता देशहरूले पनि गरेको छ । डेढ वर्षअघि दक्षिण इजरायलमा प्यालेस्टाइनको चरमपन्थी इस्लामकि समूह हमासले गरेको आक्रमणमा १४ सय निर्दोष व्यक्तिले ज्यान गुमाएका थिए, जसमा इजरायलसहित ३८ देशका नागरिक थिए ।*

यही हमलामा नेपालका १० विद्यार्थीको ज्यान गुमाएको थियो भने अपरहणमा परेका विपिन जोशीको अहिलेसम्म उद्धार हुनसकेको छैन । इजरायलको आक्रमणमा हमासका लडाकुको निधन हुँदा काठमाडौं सडकमा प्लेकार्ड लिएर विरोध प्रदर्शन गर्ने नेपाली कथित बुद्धिजीवीहरूले प्यालेस्टाइनको आक्रमणमा नेपाली छात्र मारिँदा कहिल्यै प्लेकार्ड लिएर सडकमा आएनन् ? काठमाडौंका सडकमा मैनबत्ती बालेर शान्तिको कामना गरेनन् तर हमासको आतंककारी निधन हुँदा यिनहरू स्वतस्फूर्त रूपमा सडकमा आउनुको मनोविज्ञानलाई बुझ्न सकिएन । पहलगाममा स्विजरल्याण्ड पार्कको नामले चिनिने मैदानमा घुमिरहेका पर्यटकमाथि बन्दुकधारीहरूले आक्रमण गर्दा २८ जना नागरिक मारिएपछि भारत र पाकिस्तानबीचको सम्बन्ध थप चिसिएको छ । भारतले पाकिस्तानसँगको ६५ वर्ष पुरानो जलसन्धिलाई स्थगन गरेको छ । पाकिस्तानी कूटनीतिज्ञलाई समेत अवाञ्छित व्यक्ति ठहर गर्दै देश छाड्न आदेश दिएको छ । पाकिस्तानले पनि भारतसँगको व्यापारदेखि सबै द्विपक्षीय सम्झौताहरू स्थगित गरिदिएको छ ।

सन् १९४७ मा धर्मको आधारमा देशको विभाजन भएको थियो । पाकिस्तानका संस्थापक नेता मुस्लिम लिगका अध्यक्ष मोहम्मद अलि जिन्नाले हिन्दुहरूसित मिलेर हामी मुसलमानहरू बस्न सक्दैनौं भन्दै आफ्नो द्रुत आर्थिक, सामाजिक र राजनीतिक विकासका लागि छुट्टै देश पाकिस्तानको गठन गरे । मुसलमानहरूको निम्ति पाकिस्तानको गठन भएको यो देश कालान्तरमा गएर इस्लामिक राष्ट्र घोषित गरियो तर देश स्थापना भएको साढे दुई दशकमै भाषाको आधारमा पूर्वी पाकिस्तान (हालको बंगलादेश) छुटै देशको रूपमा अस्तित्वमा आयो तर दुर्भाग्य यहाँ राजनीतिक स्थिरता कायम हुन सकेन । लोकतन्त्रमाथि सैन्यतन्त्र हावी भयो । धार्मिक नेताहरू शासन सत्तामा हावी भए । यी दुवैका कारणले इस्लामिक चरमपन्थी संगठनहरू पल्लवित पुष्पित हुनथाले । पाकिस्तान र बंगलादेश आफूले रोपेको बिरुवाको फल खान अभिसप्त छ ।

सन् १९४७ को विभाजन यता भारत र पाकिस्तानबीचको सम्बन्ध कहिल्यै विवादमुक्त रहेन । विभाजनसँगै १९४७ मा भएको द्वन्द्वका अतिरिक्त १९६५, १९७१ र १९९९ मा दुवै देश भयानक युद्धबाट गुज्रिएका छन् । उपरोक्त चारवटै युद्धमा पाकिस्तानले पराजय भोग्नुपरेको थियो । सन् १९७१ मा त करिब ९० हजार पाकिस्तानी सैनिकलाई युद्धबन्दीको रूपमा भारतले पक्राउ गरेको थियो तर उच्च युद्धधर्मको पालन गर्दै ती सबै पाकिस्तानी युद्धबन्दीलाई भारतले रिहा गरेको थियो ।

भारत र पाकिस्तानको सम्बन्धमा आतंकवादी हमलाले इन्धनको काम गर्दै आएका छन् । सन् १९९९ मा भारतले पाकिस्तानसँग सुमधुर सम्बन्ध बनाउने प्रयास गरेको थियो तर पाकिस्तानले भारतको कारगिलमा आफ्ना सेना पठाई युद्धको थालनी गरेको थियो । प्रत्युत्तरमा भारतले हवाई आक्रमणमा सयौं पाकिस्तानी सैनिकलाई हताहत गरेको थियो । अन्तर्राष्ट्रिय समुदायमा लज्जित हुने डरले पाकिस्तानले आफ्नै मृत सैनिकको शवलाई पनि लिन मानेन । सन् २००२ यता भारतमा करिब एक दर्जन जति ठूला आतंकवादी हमला भएका छन् जसमा भारतले प्रत्येक घटनाको निम्ति पाकिस्तानलाई दोषी मान्दै आएको छ । सन् २००१ मा भारतको संसद् भवनमै आक्रमण हुँदा पनि पाँचजना आक्रमणकारी र चारजना सुरक्षाकर्मीको ज्यान गएको थियो भने सात सयभन्दा बढी घाइते भएका थिए । सन् २००८ मा राजस्थानको जयपुरको ब्यस्त बजारमा हमला हुँदा ६३ जनाको ज्यान गएको थियो भने दुई सयजना घाइते भएका थिए । त्यही वर्ष अहमदाबादका २१ ठाउँमा एकैपटक विष्फोट हुँदा ५६ जना र दिल्लीमा भएको शृंखलाबद्ध बम विष्फोटमा ३० सर्व साधारणको ज्यान गएको थियो । २००८ को २६ नोभेम्बरमा मुम्बईमा भएको हमला जसलाई २६/११ को घटनाको रूपमा पनि भन्ने गरिन्छ । एकैपटक दर्जनौं ठाउँमा भएको भयानक हमलामा पर्यटक, सर्वसाधारण र सुरक्षाकर्मीसहित १६४ जनाको ज्यान गएको थियो । त्यसमा पनि पाकिस्तानको आतंककारीहरूको संलग्नता थियो । पाकिस्तानी नागरिक अजमल कसाव पक्राउ परेपछि यसको रहस्योद्घाटन भएको थियो । एक दशक यता पनि सन् २०१६ मा मात्र पठानकोट, उरी, नगरोटामा आतकंकारी आक्रमण हुँदा करिब तीन दर्जन भारतीय र पुलवामा भएको आतंकवादी हमलामा ४० भारतीय सुरक्षाकर्मीको निधन भएको थियो ।

यी आक्रमणमा भारतले पाकिस्तानमाथि आरोप लगाएको थियो । उरी र पुलवामा आक्रमणको प्रतिकार स्वरूप भारतले सर्जिकल स्ट्राइक पनि गरेको थियो । भारतीय सेना पाकिस्तानमै पुगेर आतंककारीहरूको प्रशिक्षण शिविरलाई ध्वस्त पारेका थिए । विश्वका कुनै पनि ठाउँमा हुने आतंकवादी कृत्य निन्दनीय छन् । धार्मिक कट्टरता र आतंकवाद विश्व शान्तिको निम्ति साझा चुनौती हो ।

कुनै पनि नाम र बहानामा यसलाई जायज मान्न सकिँदैन । आफ्नो धर्म, पन्थ अथवा विचारलाई सर्वोपरी ठान्ने र त्यसको उपस्थितिलाई मात्रै हेर्ने मानसिकता बोकेका असभ्य, धर्मान्ध र हिंस्रक नरपिशाचहरू सभ्य समाजको निम्ति कलंक छन् । केही दशकअघि आइएसआइएस वा आइएसको नाममा मच्चाइएका आतंकका घटना हुन अथवा अफगानिस्तानको तालिवानले बामियानमा ध्वस्त पारेका भगवान बुद्धको विशाल प्रतिमलाई कुनै पनि अर्थमा जायज मान्न सकिँदैन । कास्मिरको पहलगाममा भएका जघन्य हत्याका घटना त्यस क्षेमा विगतमा भएको सयौं घटनालाई स्मरण गराई दिएको छ । पहलगाम घटनाको जति बढी निन्दा गरे पनि त्यो कम नै हुनेछ । सभ्य मानव समाजले यसको आलोचना र निन्दा गर्नैपर्छ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । | **तुला** : मिष्ठान्न भोजन प्राप्ति होला । साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला । |
| **वृष** : बन्धु बान्धवबाट विशेष सहयोग मिल्नेछ । पारिवारिक झमेला रहला । | **वृश्चिक** : मित्र वा आफन्तको सहयोग मिल्नेछ। बौद्धिकताको विकास हुनेछ । |
| **मिथुन** : छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ । | **धनु** : सहयोगबाट कार्य पुरा हुनेछ । लाभदायक यात्रा रहनेछ । |
| **कर्कट** : प्रेमसम्बन्धका लागि श्रेष्ठ समय रहेको छ । धनार्जन हुनेछ । | **मकर** : घरमा अतिथिको आगमन हुनेछ । नयाँ कार्यको थालनी होला । |
| **सिंह** : विद्या र बुद्धिको विकास हुनेछ । नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **कुम्भ** : मनमा शान्ति छाउनेछ । आफन्तसँग रमाइलो भेटघाट हुनेछ । |
| **कन्या** : कार्यसिद्धि हुने अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । | **मीन** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । पठनपाठनमा प्रगति हुनेछ । |

कला मनोरञ्जन

# किन आफ्नै चलचित्रको टिकट काट्दै छन् निर्माता ?



पछिल्लो समय चलचित्र निर्माता थप मारमा पर्ने गरेका तथ्यहरू बाहिर आउन थालेका छन् । करोडौँ रुपैयाँ खर्च गरेर चलचित्र बनाउने निर्माता सिनेमा रिलिज भएपछि हलमा टिकट किन्न पनि बाध्य हुने गरेपछि उनीहरू थप मारमा पर्ने गरेका हुन् ।

चलचित्र निर्माणमा करोडौँ रुपैयाँ खर्च गरेका निर्माताले लाखौँका टिकट आफैँ खरिद गर्ने गरेका छन् । केहीले आफ्नै खुसीले टिकट खरिद गर्ने गरे पनि केहीलाई भने अप्रत्यक्षरूपमा बाध्य बनाइने गरेको स्वयं चलचित्रकर्मी बताउँछन् । पछिल्लो समय निर्माताले नै हलमा टिकट काट्ने गरेको तथ्य निर्माता विनोद पौडेलले प्रस्ट पारेका छन् । कम्तीमा २० देखि २५ लाख रुपैयाँको टिकट निर्माताले किन्ने गरेको उनको भनाइ छ । आफूले पनि चलचित्र 'पूर्ण बहादुरको सारङ्गी' चलाउँदा १० देखि १२ लाख रुपैयाँको टिकट खरिद गरेको उनको स्वीकारोक्ति छ । यसलाई उनी सिनेमाको 'मार्केटिङ प्लान' भन्छन् ।

**रहर कि बाध्यता ?**

हलमा टिकट काट्नु निर्माताका लागि बाध्यता भइसकेको निर्माता विनोद बताउँछन् । शो टिकाउने आशामा निर्माताले टिकट काट्ने गरेको उनको भनाइ छ । "वितरकले सिनेमा राम्रो छ, वर्ड अफ माउथ राम्रो आउँछ । त्यसैले आफैँ टिकट काटेर भए पनि सुरुका दुई/तीन दिन शो हट्न नदिऊँ भनेर निर्मातालाई भन्छन्," निर्माता विनोद भन्छन्, "निर्मातालाई वितरकसहित अरूले पनि भनेपछि हो कि क्या हो भन्ने लाग्छ ।" शो टिकाउन नसके चलचित्र उत्रिने डरले निर्माताले सुरुका दिनमा टिकट काट्ने गरेको उनी प्रस्ट पार्छन् । नयाँ मेकरका सिनेमाले देशभर मुस्किलले ७० देखि ८० वटा शो पाउने र ती शो पनि टिकाउन नसके प्रदर्शन भएको भोलिपल्टै सिनेमा उत्रिने डरले निर्माताले पहिलो हप्ता टिकट किन्ने गरेको उनको भनाइ छ । "हाम्रो प्रोडक्ट राम्रो छ, सुरुका तीन/चार दिन सिनेमा टिकाउन सकियो भने पछि चल्छ । करोडौँ त खर्च गरियो भने १०/५० लाखको कुरा त हो," विनोद भन्छन्, "काटेको टिकटको पनि ५० प्रतिशत आफैँलाई फिर्ता आउँछ भनेपछि निर्मातालाई पनि हो कि क्या हो भन्ने लाग्छ ।" ७०/८० वटा शोमा दैनिक पाँचदेखि सातवटा टिकट हप्ता दिनसम्म काट्दा १२/१५ लाख रुपैयाँ कम्तीमा खर्च हुने गरेको उनी बताउँछन् । सिनेमा हलले शो हटाइदिन्छन् भन्ने त्रासमा नयाँदेखि स्थापित मेकरसम्मले टिकट काट्ने गरेको उनको भनाइ छ । थिएटर, क्लब तथा विभिन्न समूहहरूलाई टिकट काटेर निर्माताले दिने गरेको निर्माता पौडेल बताउँछन् । "आफ्नो सिनेमा राम्रो रहेछ भने त ठिकै हो । सिनेमा हेरेकाहरूले हल्ला गरिदिए भने चलचित्र चल्छ पनि होला । तर, सिनेमा राम्रो रहेनछ भने त टिकट काटेको पैसा पनि जान्छ," उनी भन्छन् ।

**कसको खेल, किन ?**

टिकट काट्न बाध्य पार्नेमा विशेष गरी वितरकले उक्साउने गरेका चलचित्रकर्मीको आरोप छ । यदि, निर्माताले चलचित्र बनाउँदा वितरकबाट पैसा लिएको छ भने उसले टिकट काट्न विशेष आग्रह गर्ने निर्माता पौडेलको भनाइ छ । "वितरकले पैसा दिएको छैन भने छुट्टै कुरा । यदि, छ भने उसले सिनेमा रिलिज भएपछि आफ्नो सेयर लिन चेक पहिला नै काटिसकेको हुन्छ," उनी भन्छन्, "वितरकले आफ्नो भागको पैसा कटाएर निर्मातालाई दिने हो । त्यसैले टिकट काट्न लगायो भने आफ्नो पैसा सुरक्षित हुन्छ भनेर पनि वितरकले निर्मातालाई उक्साउने गरेका छन् ।" यो परिपाटी आफैँमा गलत भएको उनको भनाइ छ । सिनेमा गुण र दोषका आधारमा चल्नुपर्ने उनको धारणा छ । राम्रो नभएकै कारण आफूले यो खराब प्रवृत्ति हटोस् भनेर यसबारे बोलेको निर्माता पौडेल बताउँछन् । "यो कुरा मैले बाहिर ल्याउनुको कारण नै यो चलन हट्नुपर्छ भनेर नै हो," उनले भने, "यो प्रवृत्ति यथावत् रहनुपर्छ भन्ने पक्षमा रहेको भए म यो कुरा सार्वजनिक गर्ने नै थिइनँ । मलाई पनि त यसले ब्याकफायर गर्छ होला । तर, पनि यो खराब चलन हट्नुपर्छ ।"

**हलको पनि भूमिका छ ?**

निर्माता रमेश चौलागाईं अप्रत्यक्षरूपमा निर्माता टिकट काट्न चौतर्फी घेराबन्दीमा पर्ने गरेको बताउँछन् । वितरकले आफ्नो सेयर उठाउन सहज होस् भनेर टिकट काट्न लगाउनु सामान्य भइसकेको बताउँछन् । उनले अप्रत्यक्षरूपमा सिनेमा हलले पनि निर्मातालाई टिकट खरिद गर्न बाध्य बनाइरहेको उनी बताउँछन् । दर्शक कम भयो भने जुनसुकै बेला शो हटाइदिने त्रासमा रहेका निर्माता टिकट खरिद गर्न बाध्य रहेको उनको जिकिर छ । यो चलन हटाएर निश्चित समयसम्म दिएको शो हटाउन नपाइने नियम बनाउने हो भने निर्माता टिकट काट्ने अवस्थामा नपुग्ने उनको दाबी छ । "कतिपय देशमा सिनेमाको विषय, कलाकार, त्यसका मेकरको ट्र्याक रेकर्ड र सिनेमाप्रति दर्शकको इनक्वाइरीलाई लिएर हलले पाँच दिनदेखि एक हप्ताअगाडि नै शो उपलब्ध गराउँछन्," रमेश अगाडि थप्छन्, "उनीहरूले कम्तीमा एक हप्ता शो घटाउन पाउँदैनन् । शोमा एकजना दर्शक नभए पनि हलले शो घटाउन पाउँदैन ।" यस्तै, नियम नेपालमा पनि लागु भए हलसँग निर्माता र वितरकको गुनासो नरहने र निर्माता पनि टिकट किन्न बाध्य नहुने रमेशको जिकिर छ । यही अवस्था रहे निर्माताहरू थप पलायन हुँदै जाने र एकपटक लगानी गरेपछि फेरि नदोहोरिने उनको गुनासो छ ।

**के भन्छन् वितरक ?**

यता, चलचित्र वितरक रोहित कट्टेल भने यो स्वीकार गर्न तयार छैनन् । आफूले आजसम्म कुनै निर्मातालाई टिकट काट्न नलगाएको उनको दाबी छ । "मैले आजसम्म कुनै पनि निर्मातालाई दुईवटा टिकट पनि किन्न लगाएको छैन । कसैले फटाइँ गरेर किन्न लगायो भने त्यो गलत हो," रोहित भन्छन्, "म आफैँ यसको विरोधी हुँ । यदि, यस्तो प्रवृत्ति छ र कसैबाट यो भइरहेको छ भने गलत हो ।" वितरक र निर्माताबीच चलचित्र निर्माणपूर्व वितकरले दिएको पैसा सिनेमा रिलिज भएपछि उपलब्ध गराउने र नगराए कानुनी बाटोबाट उठाउने सुरुमै सम्झौता हुने गरेको उनी सुनाउँछन् । " वितरकले दिएको २५ लाख रुपैयाँ फिर्ता गर्न निर्मातालाई ७५ लाख रुपैयाँको टिकट काट्न लगाउनुपर्ने रोहित बताउँछन् । र, यो सम्भव नरहेको उनको भनाइ छ ।

**सिनेमा पनि व्यापार**

सिनेमा हलहरूको छाता संस्था चलचित्र संघका वरिष्ठ उपाध्यक्ष गोपालकाजी कायस्थ हलमा सिनेमाको टिकट काट्ने निर्मातालाई 'मुर्ख बुद्धि' भन्छन् । दुःख गरेर करोडौँ लगानी गरेको सिनेमाको टिकट पनि निर्माता स्वयंले काट्नु आफैँमा विकृति भएको उनको भनाइ छ । "यो आफैँमा विकृति हो । यसलाई तत्काल रोक्नुपर्छ भनेर म भन्दै आएको छु," वितरक समेत रहेका गोपालकाजी भन्छन्, "निर्माताले चिलचित्र राम्रो बनाउने हो, टिकट काट्ने होइन । टिकट दर्शकले काट्ने हो ।" चलचित्र चलाउन फरक खालको रणनीति आवश्यक पर्ने तर टिकट नै काट्न भने नहुने उनको धारणा छ । कसरी चलचित्र चलाउने त्यसमा 'क्रिएटिभ आइडिया' आवश्यक हुने भन्दै उनी भन्छन्, "तर, करोडौँ रुपैयाँ खर्च गरिसकेको निर्माताले फेरि टिकटमा खर्च गर्न हुँदैन । सिनेमा चलाउन केही फन्डा आवश्यक हुन्छ । तर, निर्माताले टिकट काटेर सिनेमा चल्दैन ।" दर्शकले सिनेमा मन नपराएसम्म नचल्नेमा ढुक्क हुनुपर्नेमा गोपालकाजीको जोड छ । चल्ने चलचित्र बनाए दर्शकले नै टिकट काट्ने उनी बताउँछन् । "हल सिनेमाको व्यापार गर्ने ठाउँ हो । हलमा पुगेपछि सिनेमाको व्यापार नै हुने हो," गोपालकाजी प्रस्ट पार्छन्, "तीनवटा सिनेमा समानान्तररूपमा छन् भने जसले व्यापार गरिरहेको छ, उसको शो थपिन्छ । दर्शक नआएको सिनेमाको शो घट्छ ।" दर्शक नपाउने सिनेमा उत्रिनुलाई स्वाभाविकरूपमा लिनुपर्ने उनको धारणा छ । *-बाह्रखरी डटकम*


**कालिगण्डकी कोरिडोर सडक योजना पाल्पाको सार्वजनिक सूचना**

यस योजनाको कार्यक्षेत्र भित्र पर्ने विभिन्न स्थानमा सडक सिमा भित्र अनधिकृतरुपमा शाखा सडक खोल्ने, घर टहरा बनाउने, निर्माण सामाग्री राख्ने विज्ञापन, होडिङ्ग बोर्ड, सवारी साधन पार्किङ, टायर हाउस, ग्यारेज, वासिङ सेन्टर, अस्थायी तारवार, पशु-चौपाय छोड्ने, विभिन्न पसल राख्ने, कृषि उपज विस्कुन सुकाउने जस्ता कार्यहरू कानुनतः पूर्णरुपमा निषेधित गरिएको कार्य भएकोले सोकार्य नगर्नु नगराउनु हुन सम्पूर्णमा अनुरोध छ । अन्यथा सार्वजनिक सडक ऐन २०३१ बमोजिम जुनसुकै बेला कारवाहीका प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजना प्रमुख

**कालिगण्डकी कोरिडोर**

**(गैडाकोट-राम्दी-मालढुङ्गा)**

**सडक योजना, पाल्पा**


# दुर्घटनामा परेका पवनदीपको स्वास्थ्य कस्तो छ ?




इन्डियन आइडल १२ का विजेता तथा चर्चित गायक पवनदीप राजन दुर्घटनामा परेर अस्पतालमा भर्ना छन् । उत्तराखण्डदेखि दिल्ली आइरहेका बेला पवनदीप सवार कार आइतबार राति अमरोहा जिल्लाको गजरौला थाना क्षेत्रमा रोकेर राखेको कन्टेनरसँग ठोक्किएको थियो ।

दुर्घटनामा उनको एमजी हेक्टर गाडी पूर्णरुपमा क्षतिग्रस्त बनेको छ । दुर्घटनामा पवनदीपसमेत तीनजना गम्भीर रूपमा घाइते छन् । दुर्घटनाको समय कारमा पवनदीपसहित उनका साथी अजय मेहरा र ड्राइभर राहुल सिंह सवार थिए । भारतीय सञ्चारमाध्यमका अनुसार ड्राइभर निदाएकाले कार रोकिराखेको कन्टेनरमा ठोक्किएको प्रारम्भिक जानकारी प्राप्त भएको छ । दुर्घटनामा पवनदीपको हात, खुट्टा र काँधमा फ्र्याक्चर भएको छ । उनको टाउकोमा पनि गहिरो चोट लागेको छ ।

दुर्घटनाको जानकारी प्राप्त भएपछि स्थानीय प्रहरी र एम्बुलेन्स पुगेर सबै घाइतेलाई नजिकको अस्पतालमा भर्ना गरेको थियो । दैनिक भास्करका अनुसार एम्बुलेन्सका चालक नितिन पालले उद्धार गर्दा पवनदीप निकै पीडामा थिए र आफ्नो परिवारको बारेमा सोधिरहेका थिए । उनले आफ्नो दाइको फोन नम्बर दिएर परिवारलाई सम्पर्क गर्न आग्रह गरेका थिए । पहिला उनको अमरोहाको सरकारी अस्पतालमा प्राथमिक उपचार गरिएको थियो । उनको हालत गम्भीर रहेकाले पछि उनलाई मुराराबाद र त्यसपछि डिडौलीको निजी अस्पतालमा रेफर गरिएको थियो । अहिले उनलाई नोयडाको फोर्टिस अस्पतालमा आईसीयूमा भर्ती गरिएको छ । डाक्टरहरूले उनको अवस्था स्थिर रहेको र आगामी दिनमा उनको शल्यक्रिया गरिने बताएका छन् । दुर्घटनाको खबरपछि पवनदीपका फ्यानहरूले उनको स्वास्थ्य अवस्थाप्रति चिन्ता व्यक्त गरिरहेका छन् । अस्पतालले जारी गरेको मेडिकल मेडिकल बुलेटिन अनुसार गायक हाल होसमा नै रहेका छन् भने उनी चिकित्सकको निगरानीमा रहेका छन् । यता, पवनदीपका पिता सुरेश राजनले प्रहरीलाई यस दुर्घटनाबारे कुनै पनि कानुनी कारबाही नगर्ने जानकारी दिएका छन् । उनले यसलाई दुर्भाग्यपूर्ण बताउँदै कन्टेनर चालकमाथि कुनै आरोप नलगाउने स्पष्ट पारेका छन् । पवनदीप उत्तराखण्डको चम्पावत जिल्लाका निवासी हुन् । इन्डियन आइडल जितेपछि उनी युवाहरूबिच एक आइकन बनेका छन् । उनले भारतका क्यौँ राज्य र विदेशसहित १२ सयभन्दा बढी सांगीतिक कार्यक्रम गरिसकेका छन् । उनी उत्तराखण्ड सरकारका युवा ब्रान्ड एम्बेसडर पनि हुन् ।

*-रातोपाटी डटकम*

# 'सरकारी जागिर खानुभन्दा संगीतमा केही गर्ने ढिपी कसैँ'



जम्माजम्मी १८ वर्ष लागे प्रोसेस पाण्डे । धादिङ गजुरीका यी किशोर यतिबेला मिडिया हेडलाइनमा छन् । नहुन् पनि किन ? उनले यसैसाता चर्चित नेपाली रियालिटी टिभी शो 'भ्वाइस अफ नेपाल'को छैटौं सिजनमा उपाधि जिते ।

प्रतिष्ठित टिभी शोको उपाधि जितेका यी किशोरलाई यतिबेला अन्तर्वार्तामा भ्याइनभ्याइ छ । उनी एकातिर चलिरहेको कक्षा १२ को परीक्षा दिँदैछन् भने अर्कोतिर इन्टरभ्यूको समय व्यवस्थापनको धपेडी छ । यो चटारोमा उनी अनलाइनखबरको स्टुडियोमा गफिए । उनलाई सुरुमै सोधियो- अब भ्वाइसपछिको योजना के छ ? उनले भने- 'राम्रा राम्रा गीत गाउने, प्रोगाम गर्ने, दर्शकलाई मीठा पस्किने योजना छ ।' उनले आ‍ृनो जित दर्शक, परिवार, कोच खेम सेन्चुरी र लोकसंगीतको जित भएको बताए । 'मेरो जित दर्शक श्रोताको जित हो भन्छु म । मैले जितोस् होस् भन्ने चाहना त सबैको थियो । यो लोकसंगीत, खेम दादा, मेरो परिवार र दर्शकको जित हो । मेरो जित हो भनेर ठान्दिन' उनी सुनिए । समाजसेवामा पनि रुचि राख्ने प्रोसेस पुरस्कारको केही हिस्सा वृद्धाश्रमलाई दिने सोचमा छन् । 'सानैदेखि ममा समाजसेवाप्रति रुचि छ' उनले भने । गफगाफमा उनी मच्योर्ड सुनिए । पुराना गीतसंगीतलाई जोगाइराख्नुपर्छ भन्ने धारणा राख्ने उनी पुराना गीतसंगीतको मूल्य घट्न नहुने बताउँछन् । 'जहाँ जाँदा पनि मलाई अग्रजको गीत गाउन मनपर्छ' उनले भने । सेमि-क्लासिकल प्रोसेसको 'फेवरेट' जनरा हो । 'पुराना गीतसंगीतको मूल्य घट्नुहुँदैन भन्ने मान्यता राख्ने मान्छे हुँ । यसकारण मलाई सेमी क्लासिकल जनरा मनपर्छ' उनले भने । परिवारले सरकारी जागिर खान दबाब दिइरहनेपनि सानैदेखि आ‍ृनो अभिरुचि संगीतमा भएको उनी बताउँछन् । 'मलाई बुबाआमाले सरकारी जागिर खानुपर्छ । लोकसेवामा नाम निकाल्नुपर्छ । तिम्रो भविष्य यसमा देखिन्छ, बुढेसकालमा साथ मिल्छ भनेर भनिरहँदा म जुरुक्क उठेर हिंड्ने । तल झेरेर कोठाको ढोका लगाएर मोबाइलमा गीत सुनेर बस्ने' उनी विगतमा फर्किए । 'संगीतमै केही गर्नुपर्छ भन्ने ढिपी थियो' उनले भने । उनी पुरानो पुस्ताका गायकहरू नारायणगोपाल, दीप श्रेष्ठ सुन्न रुचाउँछन् । चन्दनकुमार श्रेष्ठसँग गन्धर्व संगीत विद्यालयमा संगीत सिकिरहेका छन् । 'भ्वाइस'मा अन्तिम १२ को प्रतिस्पर्धा चलिरहँदा उनले दीपक विश्वकर्माको संगीतमा एउटा रेकर्ड गरे । 'सिमसिम पानी वनभरि, तिम्रै माया मनभरि' बोलको गीतमा उनले भाइरल गायिका रेखा पोखरेलसँग सहकार्य गरेका छन् । प्रोसेसले भ्वाइसको छैटौं सिजनमा कोच खेम सेन्चुरीको समूहबाट प्रतिस्पर्धा गरेका थिए ।

*-अनलाइनखबर डटकम*


**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक

**डिभिजन वन कार्यालय**

तानसेन, पाल्पा

# पाल्पा र गुल्मीका पत्रकारहरुको लागि डिजिटल क्षमता विकास तालिम



**कृष्ण पोखरेल**

**पाल्पा, बैशाख २३**/पाल्पा र गुल्मीका पत्रकारहरुको लागि दुई दिने डिजिटल क्षमता विकास तालिम तानसेनमा भएको सुरु भएको छ । नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिको आयोजना, लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सहयोग र पत्रकार महासंघ पाल्पा शखाको व्यवस्थापनमा तालिम सञ्चालन भएको हो ।

दुई दिनसम्म चल्ने तालिमको मंगलबार एक औपचारिक कार्यक्रमकाबिच उद्घाटन गरिएको छ । तालिमको नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय उपाध्यक्ष तथा पाल्पा शाखाका संस्थापक अध्यक्ष मेघराज शर्माले उद्घाटन गरेका हुन् । तालिमको उद्घाटन गर्दै प्रमुख अतिथि शर्माले पत्रकारिता गरिरहेका पुस्ता र नव उदाउदा पत्रकारहरुलाई प्रविधिमा आधारित रहेर सञ्चालन भएको तालिम प्रभावकारी हुने बताए । विगतका दिनमा परम्परागत रुपमा भएको पत्रकारिता अबका दिनमा डिजिटल प्रविधिमा आधारित रहेर गर्नुपर्ने भएकोले तालिम उपयोगी हुने कुरामा बरिष्ठ पत्रकार शर्माले जोड दिए ।

कार्यक्रममा पत्रकार महासंघ लुम्बिनी प्रदेशका उपाध्यक्ष मिना ढकालले डिजिटल पत्रकारिताको प्रभाव, महत्व तथा बर्तमान अवस्थाको चर्चा गरेकी थिईन । पत्रकारिता गर्ने व्यक्तिले अबका दिनमा डिजिटल प्रविधिको बारेमा पुर्ण ज्ञान हुनुपर्ने भएकोले लुम्बिनी प्रदेशभरीका पत्रकारहरुको लागि तालिम सञ्चालन भएको प्रदेश उपाध्यक्ष ढकालले जोड दिईन । महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले पछिल्लो समयमा नयाँ पुस्तामा पत्रकारिताको रुची र चाहाना घट्दै गएको समयमा प्रदेश समितिले दुई जिल्लालाई समेटर गरेको डिजिटल पत्रकारिता तालिमले समाचार लेखनमा सहयोग पुग्ने बताए । तालिममा नेपाल प्रेस चौतारी नेपालका केन्द्रिय उपाध्यक्ष चेतन अधिकारीले पत्रकारितामा तथ्याङ्कको प्रयोग, लुम्बिनी प्रदेश संसदिय मामिला पत्रकार समाजका अध्यक्ष घनश्याम गौतमले ३ वटै क्षेत्रको संसदीय पत्रकारीता, बरिष्ठ पत्रकार माधव नेपालले डिजिटल पत्रकारिकाताको बारेमा सहजीकरण गरेका छन् । दोस्रो दिनको तालिममा प्रदेश समिति अध्यक्ष शुक्रऋषि चौलागाई, बरिष्ठ पत्रकार शंकर प्रसाद खनाल लगायतले सहजीकरण गर्ने महासंघ पाल्पा शाखाका सचिव रामचन्द्र रायमाझीले जानकारी दिए । उनका अनुसार तालिममा पाल्पा र गुल्मीका ५० जना पत्रकारहरुको सहभागिता रहेको छ । उनीहरुलाई डिजिटल मिडियामा समाचार लेखन सम्बन्धी ज्ञान प्रदान गरिने सचिव रायमाझीले बताए । महासंघ लुम्बिनी प्रदेश समिति उपाध्यक्ष राम प्रसाद आचार्यको अध्यक्षता, सचिव गोविन्द शर्माको सञ्चालनमा उद्घाटन कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### प्रथम लायन्स कपको उपाधि इरानले जित्यो



**काठमाडौं, वैशाख २३**/पोखरामा सञ्चालित प्रथम लायन्स कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित पुरुष भलिबल प्रतियोगिताको उपाधि इरानी टोलीले जितेको छ ।

लायन्स इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ एम नेपालको आयोजनामा पोखरा रंगशालामा रहेको बहुउद्देश्यीय कभर्ड हलमा भएको फाइनल खेलमा नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा हराउँदै इरानी टोलीले उपाधि जितेको हो । यसअघि सशस्त्र प्रहरी बल (एपिएफ) लाई ३-१ को सेटमा पराजित गर्दै त्रिभुवन आर्मी क्लबले तेस्रो स्थान हासिल गरेको थियो । प्रतियोगितामा इरानी टिम, भारतीय टिम, गण्डकी प्रदेश टिम र तीन विभागीय टिमहरू त्रिभुवन आर्मी, नेपाल पुलिस क्लब र सशस्त्र प्रहरीको एपीएफ गरि ६ टिमको सहभागिता रहेको थियो ।

मनको आवाज............
'नाम पनि युनिक, काम पनि युनिक'
युनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४४४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## अर्थ/कर्पोरेट समाचार

### नेप्से परिसूचकमा सामान्य सुधार




**पाल्पा, वैशाख २३**/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । नेप्से परिसूचक मङ्गलवार एक दशमलव ०३ अंकले बढेर दुई हजार ६११ दशमलव ४३ को बिन्दुमा कायम भएको हो ।

यसदिन ३१८ कम्पनीको दुई करोड पाँच लाख ४२ हजार ७६४ कित्ता शेयर ८० हजार ५४ पटक खरिदबिक्री हुँदा रू आठ अर्ब ७४ करोड ७६ लाख ६८ हजार ८४६ बराबरको कारोबार भएको छ । मंगलबारको कारोबारमा जलविद्युत् एक दशमलव ४०, जीवन बीमा शून्य दशमलव १३, उत्पादन तथा प्रशोधन शून्य दशमलव २९, निर्जीवन बीमा समूह शून्य दशमलव ५७ र व्यापार समूह दुई दशमलव ०३ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ शून्य दशमलव ३५, विकास बैङ्क शून्य दशमलव ५०, वित्त एक दशमलव २८, होटल तथा पर्यटन शून्य दशमलव ३३ र लगानी समूह शून्य दशमलव ४१ प्रतिशतले घटेको छ । त्यस्तै, लघुवित्त शून्य दशमलव ३०, म्युचुअल फन्ड शून्य दशमलव १३ र व्यापार समूह एक दशमलव ५८ प्रतिशतले घटेको छ । नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै सानिमा माई हाइड्रोपावर लिमिटेडको रू ९२ करोड ८९ लाख ६२ हजार ७६६ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने ङादी ग्रुप पावर लिमिटेडको १७ लाख ४७ हजार ५८१ कित्ता शेयर किनबेच भएको छ ।

# विषादीले मौरी मरे,...

... उनी उमेरले करिब आठ दशक भए पनि फूर्तिलो बनेर मौरीसँग रमाउँथे । मौरीसँग उनको एक किसिमको गहिरो मायाप्रेम नै बसेको छ । गत फागुनको पहिलो हप्ताबाट विषादीका कारण मौरी मर्न थालेको उनले बताए ।

लामो समयदेखि यस व्यवसाय सञ्चालन गर्दै आएका न्यौपानेले जीवनकालमै यस्तो महामारीका रूपमा क्षति भोग्नुपरेको सुनाए । आफ्ना अभिभावक गुमाउँदाभन्दा बढी पीडावोध भएको दु:खेसो उनले व्यक्त गरे । 'मौरीको प्रागसेनले बाली बिरुवालाई राम्रो बनाउँछ, चरनका लागि मौरी बिहान ३:३० बजे नै निस्केर ९:०० बजे घारमा आएर बस्छन्, बिहानको समयमा बालीबिरुवामा विषादी छर्कँदालगत्तै चर्न जाने भएकाले रस सेवनले मौरी मासिएको छ, साँझ ५:०० बजेपछि विषादी प्रयोग गरेको भए कम क्षति हुन्थ्यो', उनले भने । मह बिक्रीबाट न्यौपानेले वार्षिक पाँच लाखदेखि छ लाख रुपैयाँसम्म आम्दानी गर्दै आएका छन् भने सरदरमा ८० गोलासहितको घार बिक्री गर्दै आएको उनी बताउँछन् । गोलासहित एक घारको नौ हजार रुपैयाँ, खाली घारलाई पाँच हजार रुपैयाँमा बिक्री भइरहेको छ । गोलासहित बिक्री गर्दा व्यवसायीलाई फाइदा हुने गरेको उनको अनुभव छ । पाल्पा, स्याङ्जा, तनहुँ, नवलपरासी, गुल्मी, झापालगायत विभिन्न जिल्लामा यहाँबाट मौरी तथा घार पठाउने गरिएको छ । उद्योगमा नै मौरीघार तयार पारिने भएको हुँदा विभिन्न जिल्लाबाट घार खरिद गर्न आउने गरेका छन् । मौरीलाई जोगाउन स्थानीय निकायबाट किसानलाई चेतनामूलक कार्यक्रम ल्याउन उनको माग छ । मौरीपालन क्षेत्र अध्ययन गरेर कुन समयमा विषादी छर्कँदा उपयुक्त हुन्छ, त्यसबारेमा किसानलाई सुसूचित गराउन पूर्वजानकारी दिइयो भने किसानले पनि उपयुक्त समयमा विषादी प्रयोग गर्ने उनको भनाइ छ । *- रासस*

## सूचना ! सूचना !! सूचना !!!

**प्रकाशित मितिः २०८२/०१/२३**

यस रानीमहल बचत तथा ऋण सहकारी संस्था लि.बाट जग्गा धितो राखी लिएको कर्जा पटक-पटक ताकेता गर्दा पनि कर्जा चुक्ता नगरेको हुदाँ २०८१ चैत १६ गते ३५ दिने लिलामको लागि सुचना प्रकाशित गर्दा पनि सकार्नेहरु तथा ऋणीहरु नआएको हुदाँ थप १५ दिन भित्र कर्जा चुक्ता गर्न यो सुचना गरिएको छ । यदि १५ दिन भित्र नआएमा संस्थाले आफ्नै नाममा नाम सारी गरिने ब्यहोरा अनुरोध छ । सथै यस रानीमहल बचत तथा ऋण सहकारी संस्था लि.बाट ब्यक्तिगत कर्जा लिदा राखेको जम्मा बचत धितो दिएको सदस्यहरुको बचतबाट कर्जा असुली गरिने भएको हुदाँ यो सुचना प्रकाशित भएको १५ दिन भित्र कर्जा चुक्ता गर्न हुन यो सुचना प्रकाशित गरिएको ब्यहोरा अनुरोध छ ।

**रानीमहल बचत तथा ऋण सहकारी संस्था लि.**
**तानसेन-३, पाल्पा**
**भगवतीटोल**

## तानसेन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## तानसेन, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

## निजि सरकारी तथा गैसरकारी भवन अभिलेख गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/०१/१४**

तानसेन नगरपालिका क्षेत्र अन्तर्गतका सम्पूर्ण वडाहरुमा रहेका निजि सरकारी तथा गैसरकारी भवनहरुको अभिलेखीकरणका लागि मिति २०८२/०१/०२ गते बसेको कार्यपालिकाको बैठकले छुट भएका सम्पूर्ण घर भवनहरु एक पटकका लागि तोकिए बमोजिम अभिलेखीकरण गर्ने निर्णय भएकोले सोही प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । देहायका कागजातहरु संग्लन राखी यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र नगरपालिकाको घर नक्सा शाखामा निवेदन पेस गर्नु हुन सम्पूर्ण सरोकारवालाहरुलाई सुचित गरिन्छ ।

**आवश्यक कागजातहरु :**

१. अभिलेख नक्सा दरखास्त फारम ( किताब ) ।
२. भवन भएको स्थानको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि ।
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
४. तिरो तिरेको रसिद ।
५. वडा कार्यालयको सिफारिस ।
६. नापी नक्सा ।
७. घरको नक्सा (Architectural Drawing in A3 sheet) ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई